# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u> ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने ब्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्या : २०७५।७६

मितिः २०७५।१२।११

श्री प्रमुखज्यू,
उर्लाबारी नगरपालिका
मोरङ ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट उर्लावारी नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.२ करोड ७ लाख ४३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३३ लाख ८ हजार, नियमित गर्नुपर्ने रु.२१ लाख ६६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.८१ लाख १४ हजार र पेश्की रु.७१ लाख ५५ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।११।२३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातका आधारमा बेरूजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना ११ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# उर्लाबारी नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न उर्लावारी नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । प्रदेश १ अन्तर्गत मोरङ्ग जिल्लामा अवस्थित यो नगरपालिकाको ७४.०२ व.कि.मि.क्षेत्रफलमा ९ वटा वडाहरु रहेका छन् भने १८ कार्यपालिका सदस्य र ५० नगर सभा सदस्य रहेकाछन ।

**स्थानीय संचितकोष** : आर्थिक वर्ष २०७४।७५ स्थानीय संचित कोष आय व्ययको हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| आय तर्फ | | | | व्यय तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | आय विवरण | रकम | रकम रु | सि.नं. | व्यय विवरण | रकम | रकम रु |
| १ | **गत वर्षको मौज्दात अल्या** | | **३११८३८२०.५५** | १ | **चालु खर्च** | | **२९४२११२५८.४६** |
| | कोष मौज्दात | २७६३२५३३.३२ | | | कोष चालु | ५५५३०१४१.२९ | |
| | धरौटी मौज्दात | २४५३९४७.२३ | | | एलजिसिडिपि (चालु) | ३७२६६७.०० | |
| | कर्मचारी कल्याण कोष | १०९७३४०.०० | | | जिल्ला शिक्षा कार्यालयवाट प्राप्त रकम | ७७२२०.०० | |
| २ | **आन्तरिक आय** | | **७४६४५५२५.४२** | | सामाजिक सुरक्षा | ७८७४००००.०० | |
| | आन्तरिक श्रोत | २१६१८२४१.१२ | | | ससर्त अनुदानको खर्च समेत | १२६१९१२३०.१७ | |
| | श्रोत बांडफाडबाट आम्दानी जि.स.स. | ५०४५८७.७७ | | | संस्कृति प्रबर्द्धन कार्यक्रम | ३००००००.०० | |
| | लागत सहभागिता | ५२५२२६९६.५३ | | | महिला सशक्तिकरण कार्यक्रम | ३०००००.०० | |
| ३ | **वित्तीय हस्तान्तरण** | | **४६६८२३११६.१७** | | स्थानीय यातायात पुर्वाधार क्षेत्रगत कार्यक्रम | ३००००००.०० | |
| | वित्तीय समानीकरण अनुदान | २२७५४२०००.०० | | २ | **पुंजीगत खर्च** | | **२२७८६२३४५.६३** |
| | ससर्त अनुदान | १२६१९१२३०.१७ | | | एलजिसिडिपि (पंजीगत) | ५९९९९९.०० | |
| | सामाजिक सुरक्षा | ७८७४००००.०० | | | प्रदेश सरकारबाट प्राप्त रकम | १४०००००.०० | |
| | एलजिसिडिपि (चालु) | ३७२६६७.०० | | | कोष पुंजीगत | १९१६९२५०४.३४ | |
| | एलजिसिडिपि (पूंजीगत) | ५९९९९९.०० | | | लागत सहभागिता तर्फ पूंजीगत खर्च | ३४१६९८४२.२९ | |
| | स्थानीय यातायात पुर्वाधार क्षेत्रगत कार्यक्रम | ३००००००.०० | | ३ | **धरौटी फिर्ता** | | **४९१९९३०.८९** |
| | संस्कृति प्रबर्द्धन कार्यक्रम | ३००००००.०० | | ४ | **कोष खर्च** | | **१४३४८६२०.००** |
| | महिला सशक्तिकरण कार्यक्रम | ३०००००.०० | | | विपद ब्यबस्थापन कोष | ५०४२०६५.०० | |
| | जिल्ला शिक्षाबाट प्राप्त रकम | ७७२२०.०० | | | मर्मत संभार कोष | ९३०६५५५.०० | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त रकम** | | **१४०००००.००** | | कर्मचारी कल्याण कोष | २३४५१९१.०० | |
| ५ | **विभिन्न कोषको रकम** | | **१६९३२५५४.६३** | ५ | **मौज्दात** | | **५४६३९९६२.७९** |
| | कर्मचारी कल्याण कोष | २००००००.०० | | | कर्मचारी कल्याण कोष खाता मौज्दात | ७५२१४९.०० | |
| | विपद ब्यबस्थापन कोष खाता मौज्दात | ५६२५९९९.६३ | | | विपद ब्यबस्थापन कोष खाता मौज्दात | ५८३९३४.६३ | |
| | मर्मत संभार कोष | ९३०६५५५.०० | | | संचित कोष खाता | ५०७७२७६१.८२ | |
| ६ | **यो वर्षको धरौटी आम्दानी** | | **४९९७०१.००** | | धरौटी | २५३१११७.३४ | |
| | **जम्मा** | | **५९५९८२११७.७७** | | **जम्मा** | | **५९५९८२११७.७७** |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>आन्तरिक नियन्त्रण प्रणाली: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था रहेकोमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी राखेको देखिएन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार रहेकाछन :<br>● जिन्सी निरीक्षण: आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लेखि वा लिई राख्ने र प्रतिवेदनमा कैफियत देखिएका व्यहोरा कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन कार्यान्वयन भएको देखिएन ।<br>● जोखिम पहिचान: कार्यालयले बर्षभरिमा सम्पादन गर्ने गरी कार्यक्रममा रहेका र आइपर्ने सम्भाबित जोखिमहरु पहिचान गरी जोखिमहरुको रजिष्टर खडा गरी राख्नुपर्नेमा जोखिम पहिचान गरी समाधानको कार्य योजना तयार गरेको देखिएन ।<br>● लागत अनुमान/खरिद योजना: सार्वजनिक खरिद ऐन, २०६३ को दफा (५), (६) एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३), (८) बमोजिम खरिद कारवाहीको तयारी, खरिद कार्य योजना, खरिदको प्रकार, बिधि, समय तालिका, खरिदको आर्थिक श्रोत, लागत अनुमान र खरिद आवश्यकताको पहिचान गरी खरिदको कुल बिबरण, परिमाण र क्षेत्रको यकिन गरी बार्षिक खरिद योजना र लागत अनुमान तयार गर्नुपर्नेमा कानूनी व्यवस्था बमोजिम खरिद योजना तयार गरेको देखिएन ।<br>● सम्पत्तिको अभिलेख: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (५)मा सावंजनिक निकायले भौतिक सम्पत्तिको अभिलेख राख्नुपनें व्यवस्था रहेको छ । कार्यालयलले कार्यालयमा प्राप्त गरेका सबै जिन्सी सम्पतिको व्यवस्थित अभिलेख राख्नुपर्ने तथा आपनो कार्यक्षेत्रभित्र पर्ने भौतिक सम्पत्तिहरु सडक, पुल, कल्भर्ट, नाली, सार्वजनिक जग्गा आदिको नाप समेत खुल्ने गरी अभिलेख तयार गरेको छैन ।<br>● कार्यक्रमगत खाता : वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यक्रम सञ्चालन गर्दा विभिन्न श्रोतबाट विनियोजित बजेट, निकासा एवं खर्चको स्थिति स्पष्ट हुने गरी प्रत्येक कार्यक्रमको कार्यक्रमगत खाता, योजनागत खाता राख्नु पर्दछ । जसले गर्दा खर्च स्वीकृत कार्यक्रम अनुसार भए नभएको र योजनागत खर्च स्पष्ट हुन्छ । कार्यालयबाट सञ्चालित प्रत्येक कार्यक्रमहरुको स्रोत छुट्टीने गरी कार्यक्रमगत खाता राखेको पाइएन जसले गर्दा कुन कार्यक्रम / काममा कति खर्च भयो भन्ने यकिन गर्न सकिएन । कार्यालयले स्विकृत कार्यक्रम अनुरुप कार्यक्रमगत खाता राख्ने तर्फ ध्यान पुऱ्याउनु पर्ने देखिन्छ<br>● मू.अ.कर भुक्तानी : कार्यालयले प्रत्येक निर्माण व्यवसायी,सप्लायर्स वा फर्मलाई विल भुक्तानी गर्दा मूल्य अभिबृध्दि कर भुक्तानिको जानकारी संबन्धित आन्तरिक राजश्व कार्यालयलाई पठाउनु पर्ने व्यबस्था रहेको छ । यस नगरपालिकाले वर्ष भरि भुक्तानि गरेको मूल्य अभिबृध्दि करको जानकारी संबन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्नेमा दिएको देखिएन ।</td><td></td></tr>
<tr><td>२.</td><td>लक्ष्य प्रगतिको स्थिति - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । नगरपालिकाले सञ्चालन गरेका कार्यक्रमको प्रगति विवरण तयार गरेको देखिएन । यसबाट कार्यक्रम कार्यान्वयनको स्थिति मूल्यांकन गर्न सकिएन । नगरपालिकाले तोकिएको ढाँचामा लक्ष्य तथा प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३.</td><td>बैंक हिसाव: कार्यालयले पेश गरेको आर्थिक विवरण अनुसार नगरपालिकामा देहायका कोष तथा कार्यक्रमहरुमा वर्षान्तमा रु.५,४६,३९,९६२.७९ मौज्दात रहेकोमा बैंक स्टेटमेण्ट अनुसार रु.५,३४,१०,२९२.१८मौज्दात देखाएको छ । फरक रु.१२,२९,६७०.६१ को सम्बन्धमा नगरपालिकाले वैंक हिसाव मिलान विवरण पेश नगरेकोले सो सम्बन्धमा एकिन गर्नुपर्ने रु.<br><table><tr><th>सि.नं</th><th>कार्यक्रम (१)</th><th>श्रेस्ता अनुसार</th><th>बैंक स्टेटमेण्ट अनुसार</th><th>फरक (४)=(३-२)</th></tr></table></td><td>१२२९६७०.६१</td></tr>
</table>

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| . | | मौज्दात (२) | मौज्दात (३) | |
|---|---|---|---|---|
| १ | विपद व्यवस्थापन कोष | ५,८३,९३४.६३ | १४,८०,०१७.६३ | ८,९६,०८३.०० |
| २ | कर्मचारी कल्याण कोष | ७,५२,१४९.०० | ८,२२,३०७.०० | ७०,१५८.०० |
| ३ | संचित कोष खाता | ५,०७,७२,७६१.८२ | ४,८८,७६,८५०.२१ | –१८,९५,९११.६१ |
| ४ | धरौटी | २५,३१,११७.३४ | २२,३१,११७.३४ | –३,००,०००.०० |
| | **जम्मा** | **५,४६,३९,९६२.७९** | **५,३४,१०,२९२.१८** | **–१२,२९,६७०.६१** |

४. **कर्मचारी व्यवस्थापन :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको स्वीकृत दरवन्दि ३९ रहेकोमा प्राविधिक तर्फ १२ पदमा ५ रिक्त र अप्राविधिक तर्फ २७ मा २० विभिन्न पद रिक्त रहेको तथा वडा कार्यालय तर्फ बिभिन्न २७ पदमा १७ पदपूर्ति भई बाकि १० पद रिक्त रहेको देखिन्छ । यसरी उच्च संख्यामा पद रिक्त हुदा स्थानीय तहको सेवा प्रवाहमा असर पर्नेहुदा रिक्त पदमा कर्मचारी व्यवस्थापन गर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

५. **तलवी प्रतिवेदन :** निजामती सेवा नियमावली ,२०४९ को दफा ७(ख)२ मा सरकारी कर्मचारीहरुको तलबी प्रतिवेदन जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालय तथा स्थानीय निकायका कर्मचारीको हकमा कार्यपालिका बोर्डबाट तलबी प्रतिवेदन पारित गरेर तलव खर्च लेख्नु पर्ने र पारित तलबी प्रतिवेदनको आधारमा कर्मचारीहरुको तलब ग्रेड खर्च लेख्नु पर्दछ । कार्यालयले यो वर्ष तलवी प्रतिवेदन पारित नगरी तलब भत्ता खर्च लेखेको छ । कार्यालयले नियम वमोजिम तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्नुपर्दछ ।

६. **सेवा प्रवाहको स्थिति :** नगरपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष नगरपालिकाबाट देहाय अनुसारको सेवा प्रवाह भएकोछ :

| सि.नं. | विवरण | सेवा प्राप्तीका लागि निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | १७३९ | १७३९ |
| २ | घरवाटो सिफारिस | २८७४ | २८७४ |
| ३ | नाता प्रमाणित | ५३१ | ५३१ |
| ४ | जन्म, मृत्यु दर्ता | १०४४ | १०४४ |
| ५ | घर नक्सा पास | ३६९ | १७ |
| ६ | अन्य | ३३८० | ३६९ |

७. **स्थानीय कानुन :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्ने व्यवस्था गरेकोछ र सोहि ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने र यसरी बनाएका कानून स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्ने व्यवस्था गरेकोछ । यस नगरपालिकाले हाल सम्म देहाय अनुसारका कानूनहरु तयार गरी स्थानीय राजपत्रमा प्रकाशित गरेकोछ ।

| नियमावली | निर्देशिका | आचारसंहिता | कार्यविधि | जम्मा |
|---|---|---|---|---|
| ५ | २ | १ | १४ | २९ |

८. **न्याय सम्पादन :** नगर न्यायिक समितिमा यस वर्ष विभिन्न विषयका जम्मा ८४ विवादका उजुरीहरु दर्ता भएकामा ३५ वटा मिलापत्र गरी फछ्यौट भएका छन् भने ४९ वटा मिलापत्र नभई बाँकी रहेको विवरणबाट देखिन्छ । ११ वटा प्रकृया नपुगी आएकाले कारबाही नभएको विवरणमा उल्लेख गरेकोछ ।

९. **सार्वजनिक खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन २०७५ को कार्यान्वयन स्थिति :** नेपाल सरकार (म.प.) बाट मिति २०७५/०१/२६ मा स्वीकृत सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिताको कायम गर्ने नीतिगत मार्ग दर्शन २०७५ को सि.नं.२३ मा कार्यालय भवन,पदाधिकारीको कार्यकक्षको फर्निसिङ र पदाधिकारीलाई उपलब्ध गराईने सवारी साधनको किसिम इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने र अर्थ मन्त्रालयको परामर्शमा भवन,कार्यक्रम फर्निसिङको मापदण्ड शहरी बिकास मन्त्रालयले र सवारी साधन इन्धन, मर्मतको मापदण्ड गृह मन्त्रालयले एक महिना भित्र तोकी सक्नु पर्ने गरी नीतिगत

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | व्यवस्था भएकोमा त्यसप्रकार बाट मापदण्ड तयार गरी कार्यान्वयनमा नल्याएकोले प्रशासनिक खर्चमा मितव्ययिता हुन सकेको नदेखिदा तोकिए बमोजिमको मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| १०. | **आन्तरिक आम्दानी :** कार्यालयवाट सांग्रिला सफटवेयर प्रयोग गरी आम्दानीको रसिद काटी यो वर्ष रु २,१६,१८,२४१।१२ आन्तरिक आम्दानी भएको देखिन्छ । राजस्व आम्दानी गर्दा नियमानुसार राख्नु पर्ने म.ले.प.फा.न.१०८ र २३ राखेको देखिएन । आन्तरिक आम्दानीको नियमित अनुगमन तथा निरीक्षण गरी आम्दानी व्यवस्थापनको कार्य प्रभावकारी वनाउनु पर्दछ । | |
| ११. | **चौमासिक खर्च अनुपात** - कार्यालयले आफ्नो वार्षिक बजेट तथा कार्यक्रम अनुसार वार्षिक, अर्धवार्षिक तथा चौमासिक लक्ष्य निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । यस वर्ष कार्यालयले विभिन्न शीर्षक अन्तर्गत विनियोजित पूजिगत रकम रु १९,१६,९२,५०४। मध्ये प्रथममा रु २९,३४,६६४। दोस्रोमा रु ४,६५,४५,४४१। र तेस्रो चौमासिकमा १४,२२,१२,३९९। त्यस मध्ये पनि आषाढमा मात्र ३,९४,७८,१७०। खर्च भएको देखिन्छ । यसरी ढिला खर्च हुनुमा समयमै बजेट तथा खर्च अख्तियारी प्राप्त नहुनु तथा समयमै योजना तयार गरी खरीद लगायतका प्रक्रिया अगाडि बढाउन नसकेका कारणबाट वर्षान्तमा हतारमा काम गर्दा कामको गुणस्तर पनि नहुने तथा अनुगमन कार्य पनि प्रभावकारी नहुने देखिन्छ । तसर्थ कार्यालयले समयमै वजेट तथा कार्यक्रम तयार गरी कार्यक्रम कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिएको छ । | |
| १२. | **स्थानीय भत्ता (प्रोत्साहन भत्ता)** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ मा स्थानीय सेवा शर्त तथा सुविधा सम्वन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघिय कानुन वमोजिम हुने तथा दफा ८८ मा स्थानीय सेवाका कर्मचारीको शुरु तलव स्केल प्रदेश सरकाले तोके वमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोके वमोजिम हुने व्यवस्था छ । यस नगरपालिकामा कार्यरत स्थायी तथा अस्थाई करारका कर्मचारीलाई मासिक ३०००। का दरले खाजां खर्च दिने निर्यय कार्यपालिकाले गरेअनुरुप २१ देखि ४७ जना कर्मचारीहरुलाई  वित्तिय समानिकरण चालु अनुदान शिर्षकबाट रु.११,९६,२७२। भुक्तानी गरेको पाइएकोले उक्त सुविधा संघिय कानुनको सिद्धान्त र मापदण्ड अनुकुल नदेखिएकोले मिति २०७४ श्रावण देखि २०७५ आषाढ सम्म तदनुरुप लेखिएको खर्च नियमसम्मत नदेखिएको रु | ११९६२७२.०० |
| १३. | **कानुन निर्माण पुर्वको पदाधिकारी सुविधाः–** नेपालको संविधानको धारा १७५ बमोजिम १ नं. प्रदेश सभाले गाउँ तथा नगरसभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा २०७५।२।१३ मा सुविधा सम्बन्धी ऐन बनाई लागु भएको छ । उक्त ऐनको दफा १३ मा यो ऐन लागु हुनु पूर्व कुनै पनि शीर्षकमा यस ऐन बमोजिम हुने गरी सेवा सुविधा लिएको भए यसै ऐन बमोजिम लिएको मानिनेछ र नलिएको भए लिन वाधा पर्ने छैन भनि उल्लेख भएको सन्दर्भमा ऐन पास हुनु पूर्व पदाधिककारीहरुले परिषदबाट निर्णय गरी लिएको सुविधा र ऐन पास भए पश्चात पाउने सुविधामा देहाय बमोजिम बढी सुविधा लिएको देखिदा ऐन विपरित निम्नानुसारका पदाधिकारीहरुलाई भुक्तानी भएको देहाय बमोजिमको रकम सम्बन्धित पदाधिकारीबाट असुल उपर गर्नुपर्ने रु. | ३३०७९९२.०० |

(क) गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३(१) अनुसूची १(क) अनुसार पदाधिकारीले पाउने सुविधाः

| सि.नं. | वापत | प्रमुख | उप प्रमुख | वडा अध्यक्ष | का.पा.सदस्य | वडा सदस्य |
|---|---|---|---|---|---|---|
| १ | वैठक भत्ता | ७५००.०० | ६६००.०० | ६०००.०० | ६०००.०० | २०००.०० |
| २ | टेलिफोन मोवाइल | २५००.०० | २५००.०० | २०००.०० | १०००.०० | १०००.०० |
| ३ | खाजा | ४०००.०० | ३०००.०० | ३०००.०० | ० | ० |
| ४ | पुस्तक, पत्रपत्रिका, इन्टरनेट | ३०००.०० | २५००.०० | २०००.०० | १५००.०० | १०००.०० |
| ५ | अनुगमन भत्ता | ७५००.०० | ६०००.०० | २०००.०० | ० | १५००.०० |
| ६ | खानेपानी, विजुली महसुल | २०००.०० | २०००.०० | १०००.०० | १०००.०० | ० |
| ७ | सरसफाई मर्मत | २०००.०० | २०००.०० | १०००.०० | १०००.०० | ० |
| ८ | अतिथि सत्कार | २०००.०० | २०००.०० | १०००.०० | ० | ० |
| ९ | यातायात खर्च | ०.०० | ०.०० | २०००.०० | २०००.०० | १०००.०० |
| | **बढीमा जम्मा मासिक पाउने रकम** | **३०५००.००** | **२६६००.००** | **२००००.००** | **१२५००.००** | **६५००.००** |

(ख) नगरपालिकाको दोस्रो नगर सभाको मिति २०७४।३।३१ को निर्णय अनुसार पदाधिकारीहरुले मासिक भुक्तानी लिएको विवरण निम्नानुसार छ

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| सि.नं. | वापत | प्रमुख | उप प्रमुख | वडा अध्यक्ष | का.पा.स. | वडा सदस्य |
|---|---|---|---|---|---|---|
| १ | पारिश्रमिक | ३९०००.०० | ३४०००.०० | २४०००.०० | ९५००.०० | ८०००.०० |
| २ | संचार | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ३ | वैठक भत्ता | ३३३३.०० | २९३३.०० | ६०००.०० | ६०००.०० | ३०००.०० |
| ४ | इन्धन | ० | ० | ० | ० | ० |
| ५ | खाजा खर्च | ० | ० | ० | ० | ० |
| **मासिक भुक्तानी लिएको जम्मा** | | **४२३३३.००** | **३६९३३.००** | **३००००.००** | **१५५००.००** | **११०००.००** |

(ग) उल्लेखित विवरण अनुसार पदाधिकारीहरुले सुविधा सम्बन्धी ऐन, २०७५ भन्दा निम्नानुसार बढी सुविधा लिएको विवरण देहाय अनुसार छ ।

| सि.नं. | पदाधिकारी | मासिक सुविधा लिएको रकम | ऐन अनुसार पाउने सुविधा रकम | ऐन भन्दा बढी लिएको मासिक सुविधा रकम | ऐन भन्दा बढी लिएको वार्षिक सुविधा रकम |
|---|---|---|---|---|---|
| १ | प्रमुख | ४२३३३.०० | ३०५००.०० | ११८३३.०० | १४१९९६.०० |
| २ | उपप्रमुख | ३६९३३.०० | २६६००.०० | १०३३३.०० | १२३९९६.०० |
| ३ | वडा अध्यक्ष ९ जना | ३००००.०० | २००००.०० | १००००.०० | १०८००००.०० |
| ४ | कार्यपालिका सदस्य ८ जना | १५५००.०० | १२५००.०० | ३०००.०० | २८८०००.०० |
| ५ | वडा सदस्य ३१ जना | ११०००.०० | ६५००.०० | ४५००.०० | १६७४०००.०० |
| | **जम्मा** | | | | **३३०७९९२.००** |

१४. **मूल्य अभिवृदि कर समावेश गरी लागत अनुमान** :सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम १० मा लागत अनुमान तयार गर्दा स्वीकृत नर्मसको आधारमा तयार गर्नु पर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली,२०६४ मा उपभोक्ता समितिवाट कार्य गराउँदा ओभर हेड वापतको रकम समावेश गर्न नहुने उल्लेख छ । मूल्य अभिवृदि करमा दर्ता नभएकालाई मूल्य अभिवृदि कर वापतको रकम समावेश गरी भुक्तानी गर्न नमिल्ने नियममा व्यवस्था छ । यस कार्यालयवाट कालोपत्रे कार्य तथा अन्य कार्य गराउँदाको लागत अनुमान तयार गर्दा मेशिन उपकरण ,विटुमीन,सिमेण्ट,मटितेल,डिजेल लगायतका सामानमा मूल्य अभिवृद्धि कर वापतको रकम समेत समावेश गरी युनीट दर निर्धारण गरी उपभोक्ता समिति मार्फत कार्य गराई भुक्तानी गरेको देखिन्छ । देहायका गो.भौ.नं तथा मितिवाट कार्य भएको मात्र नमूना परीक्षण गर्दा मात्र पनि देहाय अनुसारको समानको लागत अनुमान तयार गर्दा मूल्य अभिबृद्धि कर समावेस भएको तथा खरिद गर्दा मूल्य अभिबृद्धि करमा दर्ता नभएका वील संलग्न हुदा रु ६,२३,६३९।३८ दायित्व पर्न गएको देखिन्छ । यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ । उदाहरणार्थ :

| गो.भा.नं.,मिति | विवरण | कामको विवरण | खरिद रकम | व्यहोरा | मू.अ.कर वापतको हुने रकम |
|---|---|---|---|---|---|
| २४,०७४।८।२७ | दुर्गा मन्दिर दर्शन मार्ग | मेशीन भाडा | ९५,०००।०० | मू.अ.कर विल नभएको | १२,३५०.०० |
| | | मटितेल खरिद | ८,७९,०००।०० | मू.अ.कर विल नभएका | १,१४,२७०.०० |
| २५,१८१,०७४।८।२७,०७४।१२।८ | वरगाछी दुर्गा मन्दिर उ.स | मेशीन भाडा | ९५,०००।०० | मू.अ.कर विल नभएको | १२,३५०.०० |
| | | मटितेल खरिद | ८,७९,०००।०० | मू.अ.कर विल नभएका | १,१४,२७०.०० |
| ९५,१२७,२६६ भौ.नं मिति विभिन्न | प्रगति मार्ग उपभोक्ता समिति | मेशिन भाडा | ३,५०,०००।०० | मू.अ.कर विल नभएका | ४५,५००.०० |
| | | मटितेल | ३,६९,९००।०० | मू.अ.कर विल नभएका | ४८,०८७.०० |
| १२०,१७४ भौ.नं. मिति विभिन्न | शान्ति हुलाक मार्ग निर्माण उपभोक्ता समिति | मेशिन भाडा कार्की ढुवानी | १,४१,७५०।०० | मू.अ.कर विल नभएका | १८,४२७.५० |
| | | मटितेल खरिद | २,३५,९५०।०० | मू.अ.कर विल नभएका | ३०,६७३.५० |
| ४१९,०७४।२।१५ | आत्मानन्द र सिदार्थ टुकुर मार्ग | मटितेल खरिद | ४,४८,०७६।०० | मू.अ.कर विल नभएका | ५८,२४९.८८ |
| ५०९,०७५।२।३१ | मंगलवारे त्रिवेणी चोक वाटो निर्माण | मटितेल खरिद | १३,०३,५५०।०० | मू.अ.कर विल नभएका | १,६९,४६१.५० |

१५. **उपभोता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता जुटाउनु पर्ने, साथै सम्झौता अनुसार तोकिएको कार्य भन्दा कम कार्य भएमा कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी गर्नु पर्ने,जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन नगर्ने, तथा खर्च सार्वजनिक गर्नु पर्ने, योजना सम्पन्न भएपश्चात सम्पन्न योजना मर्मत सम्भारको लागी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नु पर्ने उल्लेख छ । यसरी नियममा व्यवस्था भएतापनि  यस सम्वन्धमा देहाय अनुसार देखिएकोले नियममा उल्लेख भए अनुसार गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>(क) उपभोक्ता समितिवाट निर्माण कार्य गराइएका योजनामा निर्माण कार्य सम्पन्न भएपश्चात नियममा उल्लेख भए अनुसार मर्मत सम्भार कार्यको लागि उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन ।</td><td></td></tr>
<tr><td></td><td>(ख) उपभोक्ता समितिले पाएको काम आफै सम्पन्न गर्नुपर्ने ,कुनै निर्माण व्यवसायी वा सवकन्ट्रयाक्टर वाट गराउन नहुने उल्लेख भएकोमा  उपभोक्तासमितिवाट पेश भएका विल अनुसार कतिपय कार्य निर्माण व्यवसायी वाट गराएको देखिन्छ । उदाहरणार्थ गो.भा.नं. २४ मिति २०७४।८।२७ मा देवीथान दुर्गा मन्दिर देखि दर्शनचोकसम्म कालोपत्रे कार्य गर्ने उपभोक्ता समितिलाई कार्यालयवाट भुक्तानी भएकोमा उपभोक्ता समितिवाट ढुन्डी कन्सट्रक्सनवाट कार्य गराएको रु १,२४,३००।०० को विल संलग्न भएको र सूर्यकमल निर्माण सेवाको लेटर प्याडमा विवरण भरी रु २७,९२,९००।०० भुक्तानी भएको कागजात उपभोक्ता समितिवाट पेश भएको देखिन्छ ।</td><td></td></tr>
<tr><td></td><td>(ग) सार्वजनिक खरिद नियमावलीमा उल्लेख भए अनुसार रु १ करोड भन्दा वढीको निर्माण कार्य उपभोक्ता समितिवाट गराउन नसकिने तथा जटील प्रकारका कार्य उपभोक्तावाट नगराउने उल्लेख भएकोमा सो भन्दा वढीको कार्य समेत उपभोक्ता समितिवाट गराएको देखियो ।</td><td></td></tr>
<tr><td></td><td>(घ) सार्वजनिक खरिद नियमावली निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, उल्लेख भएको तथा योजनाको निर्माण कार्य सम्पन्न भएपश्चात कार्यस्वीकार प्रतिवेदन तयार गर्नु पर्ने , स्थानीय  निकाय कार्यसंचालन नियमावलीमा योजनाको निर्माण कार्य सम्पन्न भएपश्चात अनुगमन समितिवाट अनुगमन गर्नु पर्ने उल्लेख भएकोमा उपभोक्ता समितिवाट गराइएको सम्पूर्ण योजनामा सो अनुरुपको प्रमाण संलग्न गराई राखेको देखिएन ।</td><td></td></tr>
<tr><td>१६.</td><td>विल भरपाई : सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन ,विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकवाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्नेछ भन्ने उल्लेख छ । उपभोक्ता समितिवाट अध्यावधिक रुपमा समिति वा समुदायको वैठकवाट अनुमोदन गराई पेश गर्ने गरेको देखिएन । उपभोक्ता समिति संग सम्झौता भएको निर्माण कार्यको लागि आवश्यक पर्ने निर्माण सामग्रीको कार्य अनुसारको परीमाण उल्लेख नहुने हुदा उपभोक्ता समितिवाट पेश भएका खरिद विल भरपाइ पर्याप्त छन छैनन एकीन गर्न सकिने अवस्था छैन । उपभोक्ता समितिवाट पेश भएका कतिपय भौंचरमा निर्माण कार्यको लागि आवस्यक पर्ने सामग्री तथा मेशीन उपकरणको खरिद विल नहुने तथा कतिपयमा कार्य भए अनुरुपको विल संलग्न नहुने स्थिति छ । यस तर्फ सम्वद्ध निकायको ध्यान जानु पर्ने देखिन्छ ।उदाहरणार्थ
<table>
<tr><th>गो.भा.न., मिति</th><th>काम</th><th>भुक्तानी (गत वर्षको वाहेक )रकम</th><th>विलको स्थिति</th></tr>
<tr><td>२४,०७४।८।२७</td><td>कालोपत्रे</td><td>२६,१०,६३४।००</td><td>मटितेलको ८,७९,०००।०० को विल,निर्माण सामग्री २५,७२,९००।००को विल ,विटुमीन ६३६६ लि.लाग्नेमा २००० केजी मात्र खरिद गरेको विल</td></tr>
<tr><td>२५ र १८१ भौ.न.</td><td>कालोपत्रे</td><td>२९,६७,८३३।००</td><td>मटितेलको ८७९०००।०० को विल,निर्माण सामग्री २५७२९००।००को विल ,विटुमीन ५९४४ लि.लाग्नेमा २००० केजी मात्र खरिद गरेको विल</td></tr>
<tr><td>९५,१२७ र २६६</td><td>कालोपत्रे</td><td>२३,८०,४२२।००</td><td>मटितेलको ३,६९,०००।०० को विल,डिजेल ४,५९,७९९।०० को विल निर्माण सामग्री १५,१२,५००।००।००को विल ,विटुमीन ११५६६.५८ लि.लाग्नेमा ७३२० केजी मात्र खरिद गरेको विल</td></tr>
</table></td><td></td></tr>
<tr><td>१७.</td><td>स्थायी लेखा नंम्बर :सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १९(२) मा रु २०,०००।०० भन्दा वढी रकमको खरिद गर्दा आन्तरिक राजस्व कार्यालयवाट स्थायी लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीवाट मात्र खरिद गर्नुपर्ने उल्लेख छ । विभिन्न उपभोक्ता समितिवाट टिपर ,ट्रक ,ट्रयाक्टर लाई निर्माण सामग्री सप्लाई गरेवापत तथा मेशिन उपकरण उपलव्ध गराएवापतको रकम भुक्तानी गरेको वील प्यान वील तथा वीजक वील नभई रकम वुझाएको भरपाई मात्र संलग्न गरी पेश गरेको छ । प्यान तथा मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मवाट समेत नियमानुसारको विल विजक जारी नगरी भरपाई दिने तथा निर्माणव्यवसायीको लेटरप्याडमा समेत विल निष्कासन भएको देखिएको छ ।यस्तो कारोवार अनियमित देखिन्छ । उदाहरणार्थ
<table>
<tr><th>गो.भा.न.,मिति</th><th>कार्य</th><th>विल रकम</th><th>विलको स्थिति</th></tr>
<tr><td>२४,०७४।८।२७</td><td>निर्माण सामग्री सप्लाई</td><td>२५,७२,९००।००</td><td>सूर्य कमल निर्माणसेवाको कभर लेटरमा सामानको नाम लेखी भरपाई गरी दिएको</td></tr>
</table></td><td></td></tr>
</table>

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| २५ र १८१ | निर्माण सामग्री सप्लाई | २५,७२,९००।०० | सूर्य कमल निर्माणसेवाको कभर लेटरमा सामानको नाम लेखी भरपाई गरी दिएको |
| ९५,१२७ र २६६ | निर्माण सामग्री र उपकरण | १८,६२,५००।०० | अशोक भटराईको भरपाई |

१८. **सोझै खरिद** : सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम  खरीद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने तथा सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८५ मा रु ५ लाख सम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था भए तापनि एक आर्थिक बर्षमा एकै पटक वा पटक-पटक गरी सिमा भन्दा बढी रकमको वा एउटै व्यक्ति फर्म वा कम्पनी वा संस्था बाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नहुने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ मा रु २० लाख सम्मको लागत अनुमान भएको कार्य सिलवन्दी दरभाउपत्रवाट र सो भन्दा वढी भए नियम ३१ अनुसार बोलपत्रको माध्यमबाट गर्नुपर्ने  व्यवस्था छ । यस कार्यालयवाट विभिन्न सामान खरिद गरेकोमा एकैपटक केकति परीमाणमा आवस्यक पर्ने विवरण तयार गरी प्रतिस्पर्धा गराई खरिद गर्न सकिने मा सो समेत नगरी पटक पटक खरिद गरी भुक्तानी गरेको देखियो । यसरी खरिद गरेको अनियमित देखिन्छ । उदाहरणार्थ

| गो.भा.नं,मिति | कार्य विवरण | भुक्तानी खर्च |
|---|---|---|
| ५२६,०७५.३.४ | हयुम पाईप | १४,८४,४८१.०० |
| ५९८,०७५.३.१९ | हयुम पाईप | १२,९७,०७०.०० |
| ५९९,०७५३.१९ | हयुम पाईप | १४,९६,२०४.०० |
| ७३९,०७५.३.३१ | हयुम पाईप | ९९,८९२.०० |
| ७४६,०७५.३.३१ | हयुम पाईप | ९६,६१५.०० |
| ३,०७४.६.२ | कम्प्युटर प्रिन्टर अन्य | ३,९०,९९९.०० |
| १४३,०७४.११.१७ | कम्प्युटर प्रिन्टर अन्य | ३,८४,३९८.०० |
| ४४६,०७५.२.२२ | फर्निचर | ४,००,३५९.०० |
| ६१६,०७५.३.२० | फर्निचर | ४,८९,८५५.०० |
| ३८,०७४.१२.२१-विपद | तार जाली खरिद र वुनाई | ४,०७,३५०.०० |
| ३९,०७४.१२.२१ | तार जाली खरिद र वुनाई | ४,०७,४३१.६७ |
| ४०,०७४.१२.२१ | तार जाली खरिद र वुनाई | ४,०७,४३१.०० |

१९. **निर्माण सामग्रीको उपयोग :** सार्वजनिक खरिद नियमवाली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापीकितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने उल्लेख छ । यस कार्यालयवाट विभिन्न गो.भौ.नं. तथा मितिवाट निर्माण सामग्री खरिद गरेवापत विभिन्न फर्महरुलाई भुक्तानी गरेको देखिन्छ । यसरी खरिद गरीएको सामग्री सम्वन्धित वडाका वडा अध्यक्ष तथा उपभोक्ताहरुलाई सामान वुझाई उक्त सामान वुझाएको तथा प्राप्त भएको प्रमाण संलग्न गर्ने गरेको देखिन्छ  ।  उक्त सामान कुन स्थानमा प्रयोग भई निर्माण कार्य सम्पन्न भएको नापी किताव तथा अनुगमन गरेको प्रमाण वेगर खर्च गरेको देखिन्छ । यस्तो अवस्थामा आन्तरिक नियन्त्रण नहुने हुँदा यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ । यस्तो अवस्थामा खर्च गरेको अनियमित देखिन्छ ।

| भौ.नं.। मिति | खरिद भएको फर्म | निर्माण सामग्री | खरिद रकम |
|---|---|---|---|
| ५२६,०७५.३.४ | शंकर सिमेण्ट कंकीट उधोग प्रा.लि | हयुम पाईप | १४,८४,४८१.०० |
| ५९८,०७५.३.१९ | शंकर सिमेण्ट कंकीट उधोग प्रा.लि | हयुम पाईप | १२,९७,०७०.०० |
| ५९९,०७५३.१९ | जय श्री कंकृट उधोग प्रा.लि. | हयुम पाईप | १४,९६,२०४.०० |
| ७३९,०७५.३.३१ | जय श्री कंकृट उधोग प्रा.लि. | हयुम पाईप | ९९,८९२.०० |
| ७४६,०७५.३.३१ | जय श्री कंकृट उधोग प्रा.लि. | हयुम पाईप | ९६,६१५.०० |
| ३८,०७४.१२.२१ विपद | कोशी कन्सट्रक्सन विराटनगर | तार जाली खरिद र वुनाई | ४,०७,३५०.०० |
| ३९,०७४.१२.२१ | शान्ति निर्माण सेवा | तार जाली खरिद र वुनाई | ४,०७,४३१.६७ |
| ४०,०७४.१२.२१ | गरीमा निर्माण सेवा | तार जाली खरिद र वुनाई | ४,०७,४३१.०० |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>२०.</td><td>जिन्सी खाता : आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम ४७ मा कार्यालय प्रमुखले आफनो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा अन्य कुनै प्रकारवाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी कितावमा सात दिनभित्र आम्दानी वाधी स्रेस्ता खडा गरी अध्यावधिक गरी राख्नु पर्नेछ भन्ने उल्लेख छ । यो वर्ष तथा गत विगत वर्ष समेत खरिद भएका सामानको जिन्सी खाता -(म.ले.प.फा.नं. ४७ र ५२) तयार गरी सामान दाखिला गरेको जिन्सी खाता पेश हुन आएन । यो वर्ष मिति २०७५।७६ मा जिन्सी निरीक्षण गरी जिन्सी निरीक्षण गर्दा देखिएका सामानको विवरण तयार गरी सोही आधारमा जिन्सी खाता तयार गरेको देखियो । यस्तो अवस्थामा यो वर्ष पुजीगत कार्यक्रमवाट मात्र पनि विभिन्न गो.भौ.नं.३, १९, २८, ३३, ९१, ११२, १४३, १४४, ४४६, ६१६, ६१७, ६८१, ६८७, ७०३,७३०,७३६,३१,१११,७३७,३०,६५०) तथा मिति वाट मोटरसाइकल, कम्प्युटर , ल्यापटप, प्रीन्टर, एसी, सोफा ,टेवुल क्यामरा लगायतका विभिन्न सामान खरिद गरी रु ६८,८४,७४५।०० खर्च गरेको देखिन्छ । यसरी खरिद गरीएको सामान कार्यालयमा प्राप्त भई सो सामानको समेत गणना भएको छ भनी एकीन गर्न सकिने अवस्था रहेन । गत विगत वर्ष कम्प्युटरमा नै अभिलेख राख्ने गरेको कार्यालयको भनाई रहेको भएतापनि कम्प्युटरमा राखेको अभिलेख समेत प्राप्त हुन आएन । यस्तो अवस्थामा जिन्सी खाता नराखी खर्च लेखेको रकम अनियमित देखिएको रु.</td><td>६८,८४,७४५.००</td></tr>
<tr><td>२१.</td><td>जिन्सी सामानको हस्तान्तरण : हस्तान्तरण भएका सामान सम्वन्धित कार्यालयमा दाखिला हुनु पर्दछ ।यस कार्यालयवाट विभिन्न विषयगत कार्यालयको लागि औषधी , औजार उपकरण तथा अन्य सामान खरिद गरी सम्वन्धित कार्यालयमा हस्तान्तरण गर्ने गरेको देखियो । यसरी हस्तान्तरण भएका सामान सम्वन्धित कार्यालयले दाखिला गरेको अध्यावधिक विवरण संलग्न गरी राख्ने गरेको देखिएन । यस तर्फ सुधार हुनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२२.</td><td>कन्टिजेन्सी खर्च : निर्माण कार्यमा खर्च भएको कन्टिजेन्सी रकमको अभिलेख अध्यावधिक राख्नु पर्दछ । विभिन्न निर्माण कार्यको नापजाँच अनुरुपको रकममा ३ प्रतिशत कन्टिजेन्सी रकम खर्च लेखी कन्टिजेन्सी रकमको व्यवस्था गरेको देखिन्छ । यसरी खर्च लेखेकोमा अभिलेख नराखेको तथा कन्टिजेन्सी रकम ट्रान्सफर समेत गर्ने नगरेकोमा यसरी कन्टिजेन्सी रकमको लागि रकम व्यवस्था गर्नुको औचित्य देखिएन । हाल यसमा सुधार भइसकेको कार्यालयको भनाई रहेको छ । यस अतिरीक्त निर्माण -(पुजीगत खर्चवाट ) कार्यवाट भएको कन्टिजेनसी खर्चको अभिलेख समेत राखेको देखिएन , अत अभिलेख राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२३.</td><td>सामाजिक सुरक्षा लगत : सामाजिक सुरक्षा कार्यक्रम तर्फ लाभग्रहीलाई रकम वितरण गर्नको लागि अध्यावधिक लगत तयार गरी सोही आधारमा रकम वितरण गरीनु पर्दछ । जेष्ठ नागरिक दिर्घसेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत देहायका वडामा निम्नानुसारका जेष्ठ नागरिक, एकल महिला ,पूर्ण अपाङ्गता ,वालवालिका सुरक्षा भत्ता आदिको लागि देहाय अनुसारका संख्यामा व्यक्ति रहेको भनी अनुसूची ५ को दफा १० को उपदफा २ संग सम्वन्धित अनुमानित वजेट प्रतिवेदन तयार गरेको देखियो । उक्त प्रतिवेदन अनुसार आर्थिक वर्ष भरीको लागि रु ९,५०,२७,०००।०० लाग्ने रकम अनुमान गरेकोमा रु १०,११,४४,०००।०० वजेट व्यवस्था गरेको देखिन्छ । आवश्यकता भन्दा वढी वजेट व्यवस्था हुनाको कारण स्पष्ट छैन । विभिन्न वडाका लाभग्राहीको वैंक खाता खोली वैंकमा रकम उपलव्ध गराई वितरण गर्ने व्यवस्था मिलाएको देखियो । उपलव्ध भएको तथ्याङ्क अनुसार रु ९,५०,२७,०००।०० लाग्ने अनुमान भएकोमा अनुमान भन्दा रु १,६२,८७,०००।०० घटी वितरण भएको देखियो । यस्तो अवस्थामा उपलव्ध तथ्याङ्ग भरपर्दो र विश्वसनीय देखिएन । अत यस सम्वन्धमा सम्वद्ध निकायको ध्यान जानु पर्ने देखिन्छ ।<br>(रु हजारमा)
<table>
<tr><th>वडा नं</th><th>वितरण गर्नु पर्ने संख्या</th><th>आवश्यक रकम</th><th>वडा नं</th><th>वितरण गर्नु पर्ने संख्या</th><th>आवश्यक रकम</th><th>वडा नं</th><th>वितरण गर्नु पर्ने संख्या</th><th>आवश्यक रकम</th></tr>
<tr><td>१</td><td>६२१</td><td>१,०९,१२</td><td>४</td><td>७८६</td><td>१,३३,६८</td><td>७</td><td>६५५</td><td>१,१६,४१</td></tr>
<tr><td>२</td><td>७२९</td><td>१,२९,७८</td><td>५</td><td>३२४</td><td>५८,०३</td><td>८</td><td>६२१</td><td>१,०७,७४</td></tr>
<tr><td>३</td><td>५७६</td><td>९९,११</td><td>६</td><td>३९८</td><td>७०,४५</td><td>९</td><td>६८८</td><td>१,२५,९५</td></tr>
</table></td><td></td></tr>
<tr><td>२४.</td><td>अग्रिम आयकर कट्टी : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १९(२) मा रु २०,०००।०० भन्दा वढी रकमको खरिद गर्दा आन्तरिक राजस्व कार्यालयवाट स्थायी लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीवाट मात्र खरिद गर्नुपर्ने उल्लेख छ ।</td><td></td></tr>
</table>

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | विभिन्न उपभोक्ता समितिवाट टिपर ,ट्रक ,ट्रयाक्टर लाई निर्माण सामग्री सप्लाई गरेवापत तथा मेशिन उपकरण उपलव्ध गराएवापतको रकम भुक्तानी गरेको -वील) प्यान वील तथा वीजक  नभई रकम वुझाएको भरपाई मात्र संलग्न गरी पेश गरेको छ । यस्ता विलवाट यो वर्ष विभिन्न गो.भौ.नं. तथा मितिवाट( गोभानं तथा मितिको विस्तृत विवरण आलेप प्रतिवेदनमा उल्लेख भएकोले यसमा उल्लेख नगरेको ) रु ३,४६,५२,४२३।०० भुक्तानी गरेको देखिन्छ ।यसरी पेश भएको विलमा नियमानुसार लाग्ने १५ प्रतिशतका दरले रु ५१,९७,८६६।०० कर कट्टी गर्नुपर्नेमा १.५ प्रतिशत का दरले रु ५,१९,८००।०० मात्र कट्टी गरेको देखिन्छ भनी आन्तरिक लेखापरीक्षण वाट औंल्याएकोमा असुल उपर गरी राखेको देखिएन । यस्ता प्रकृतिका विल पेश हुने कार्यलाई निरुत्साहित गरीनु पर्दछ । | |
| २५. | **ढिला दाखिलाः** आयकर ऐन २०५८ को दफा १ अनुसार अग्रिम आयकर कट्टी रकम महिना समाप्त भएको २५ दिनभित्र दाखिला गर्नु पर्ने उल्लेख छ । यस कार्यालयवाट कट्टी गरेको अग्रिम आयकर को रकम तोकिएको समयमा दाखिला नगरी आर्थिक वर्षको अन्तमामात्र दाखिला गर्ने गरेको देखियो । ऐनमा तोकिएको अवधिमा दाखिला गर्ने व्यवस्था हुनु पर्ने देखिन्छ । | |
| २६. | **लागत सहभागिता नरहेकोः** सार्वजिनक खरीद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिमार्फत कार्य गर्दा योजनाको कुल लागतमा उपभोक्ता समितिको पनि योगदान हुनुपर्ने व्यवस्था रहेको छ ।  यो वर्ष कार्यालयले मर्मत संभार कोष अन्तर्गत देहाय अनुसारका योजनाहरु उपभोक्ता समिति मार्फत संचालन गराएकोमा कुल लागतमा उपभोक्ता समितिको कुनै योगदान रहेको छैन । यसरी उपभोक्ता समितिमार्फत गराईएको कार्यमा उपभोक्ता समितिकै लागत सहभागिता नजुटाउँदा सम्पादित योजनाको संचालनमा लाभग्राहीको तर्फबाट अपनत्व महशुस नहुने तथा नियमावलीले तोकेको प्रावधान समेत नरहने देखिंदा उपभोक्ता समिति मार्फत काम गराईने योजनाहरुका लागी तोकिएको अनुपातमा उपभोक्ता समितिको योगदान अनिवार्य समावेश गर्नुपर्दछ । | |

| सि.नं. | भौ. नं र मिति | कार्यक्रम | विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | २-२०७४/४/२० | मर्मत संभार कोष | मैथली समाज सेवा समिति (छठ पर्व पूजाको सिढीं मर्मत) | २३९०६०.०० |
| २ | ६-२०७४/१०/७ | „ | नमूना मार्ग सडक मर्मत उपभोक्ता समिति | ३७३७६२.०० |
| ३ | १६-२०७५/२/१४ | „ | प्रगती मार्ग कल्भर्ट निर्माण उ.स. | ४३४५००.०० |
| ४ | ३०-२०७५/३/२४ | „ | उर्लाबारी बाटो मर्मत उ.स. | १०६५७९६.०० |
| ५ | ३७-२०७५/३/२८ | „ | त्रिदेब चोक भुषीस्कुल ड्रेन निर्माण उ.स. | ३६४०००.०० |
| ६ | २४-२०७५/९/१७ | „ | दुर्गा मन्दिर दर्शन मार्ग उ.स. | ७४८६२८.०० |
| | | | **जम्मा** | **३२२५७४६.००** |

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| २७. | **सम्झौता वेगर रकम मागका आधारमा भुक्तानी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(६) मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरीद नियमावली २०६४ को व्यवस्था अनुसार कुनै निर्माण कार्य गराउँदा निर्माण व्यवसायीसंग खरीद संझौता गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष मर्मत सम्भार कोष बाट देहाय अनुसारका कार्य गरेकोमा निर्माण व्यवसायीसंग संझौता नगरी सडक तथा बाटो मर्मत गरेको भनि विल विजक तथा डोर हाजिर पेश गरेर रकम माग गरेको आधारमा रु.९,६९,२९८।०० व्यक्तिलाई भुक्तानी दिएको पाईयो । यसरी कुनै संझौता, कार्यसम्पन्न प्रतिवेदन, नापी किताव तथा निर्माण कार्यको विल वेगर भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु. | ९६९२९८.०० |

| सि.नं. | गोश्वरा भौचर नं र मिति | विवरण | भुक्तानी पाउने व्यक्ति | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ४५-२०७५/३/३१ | ५ नम्बर वडाको सडक मर्मत | प्रेम याक्खा | ३,३५,६२०.०० |
| २ | ४७-२०७५/३/३१ | ४ नम्बर वडाको सडक मर्मत | प्रेम याक्खा | ३,४६,०००.०० |
| ३ | ५३-२०७५/३/३१ | ९ नम्बर वडाको सडक मर्मत | मिलन श्रेष्ठ | २,८७,६७८.०० |
| | | **जम्मा** | | **९,६९,२९८.००** |

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| २८. | **पेश्की -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११३ अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । आर्थिक वर्षको अन्तसम्म पनि निम्न संस्थाको नाममा वाँकी रहेको पेश्की फछ्र्यौट गराई नराखेको रु | ४१,५५,०००.०० |

| सि.नं. | नाम | पेश्की वाँकी |
|---|---|---|
| १ | ओमशान्ति मार्ग निर्माण उपभोक्ता समिति | ३,६६,०००.०० |
| २ | खेलमैदान निर्माण उपभोक्ता समिति | ६०,०००.०० |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>३</td><td>सुनौलो मार्ग निर्माण उपभोक्ता समिति</td><td>६२,०००.००</td></tr>
<tr><td>४</td><td>सत्संग आनन्द मार्ग निर्माण उपभोक्ता समिति</td><td>६६,०००.००</td></tr>
<tr><td>५</td><td>अभियन्त्र नेक्वष्ट क्वेष्ट जे.भी.</td><td>४,१७,०००.००</td></tr>
<tr><td>६</td><td>अद्वैत मार्ग उपभोक्ता समिति</td><td>१,७१,०००.००</td></tr>
<tr><td>७</td><td>मनोहरा चिल्ड्रेन पार्क उपभोक्ता समिति</td><td>२,६०,०००.००</td></tr>
<tr><td>८</td><td>शिवालय धनलक्ष्मी संगम शान्ति मार्ग उपभोक्ता समिति</td><td>१,६०,०००.००</td></tr>
<tr><td>९</td><td>दुर्गापुरी आम्वारी सडक स्तरोन्नती उपभोक्ता समिति</td><td>५,२०,०००.००</td></tr>
<tr><td>१०</td><td>नलवारी सडक ग्राभेल उपभोक्ता समिति</td><td>२,५७,०००.००</td></tr>
<tr><td>११</td><td>अपंगता भएका व्यक्तिहरुको समूह</td><td>१,७५,०००.००</td></tr>
<tr><td>१२</td><td>कुलोपैनी मुहान निर्माण उपभोक्ता समिति</td><td>५,४४,०००.००</td></tr>
<tr><td>१३</td><td>विहीवारे देवीथान त्रिपथ सडक उपभोक्ता समिति</td><td>२,०६,०००.००</td></tr>
<tr><td>१४</td><td>स्कुलडाँडा दर्शनचोक वाटो निर्माण उपभोक्ता समिति</td><td>८,९१,०००.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९.</td><td>आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ,७८ मा आर्थिक वर्षको अन्त्य सम्ममा काम हुन नपाई केवल वजेट फीज हुन नदिने उदेश्यले मात्र कसैलाई पेश्की दिन वा धरौटी खातामा रकम जम्मा गर्न हुदैन भन्ने उल्लेख छ । व.उ.शि.नं.३६५८०८४(स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम) मा सडक तथा पुल निर्माण कार्यको लागि रु ५० लाख वजेट व्यवस्था भएकोमा रु ३० लाख निकासा भएकोमा आर्थिक वर्षको अन्तमा २०७५।३।१६ मा तेलीखोला पुल निर्माण उपभोक्ता समितिलाई रु ३० लाख पेश्की दिएको देखियो । पुल निर्माण कार्यको लागत अनुमाननै तयार नभएको स्थितिमा केवल वजेट फिज नगर्ने उदेश्यले पेश्की दिएको देखियो । उक्त पेश्की यो वर्ष फिर्ता गरी सकेको जानकारी दिएकोमा केन्द्रीय संचीत कोष दाखिला नगरेको हुदा दाखिला हुनु पर्ने रु.</td><td>३०,००,०००.००</td></tr>
<tr><td>३०</td><td>वित्तीय जवाफदेहिता : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(१) मा प्रत्येक मन्त्रालय, सचिवालय, संवैधानिक अङ्ग, विभागीय प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी वित्तीय जवाफदेहिता बहन गर्नु पर्ने देखिन्छ । महालेखापरीक्षकको कार्यालयबाट तयार गरिएको वित्तिय जवाफदेहिता मुल्यांकन फारम उल्लेखित वित्तिय जवाफदेहिताका सुचकको आधारमा कार्यालयको व्यवस्थापकीय, वित्तिय व्यवस्थापन, सेवा प्रवाह, खरिद व्यवस्थापन अर्न्तगतका विविध पक्षहरुमा विश्लेषण गर्दा यो नगरपालिका ग्रेड B भित्र पर्न गयो ।</td><td></td></tr>
<tr><td>२९</td><td>बेरुजू - पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु ३३ लाख ८ हजार, अनियमित बेरुजू रु २१ लाख ६५ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु ८१ लाख १५ हजार र पेश्की बाँकी देखिएको रु ७१ लाख ५५ हजार समेत रु २ करोड ७ लाख ४३ हजार बेरुजू कायम भएको छ। प्रतिक्रियाबाट बेरुजू फछ्र्यौट भएको छैन ।</td><td></td></tr>
<tr><td>३०</td><td>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :
<table>
<tr><th>गत वर्षको बेरुजू रकम (रु.)</th><th>यो वर्ष फछ्र्यौट (रु)</th><th>बाँकी</th></tr>
<tr><td>१,०६,४८,०००।००</td><td>०</td><td>१,०६,४८,०००।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१</td><td>अद्यावधिक बेरुजू स्थिति : उर्लावारी नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :
<table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.)</th><th>यो वर्षको सं प.बाट कायम बेरुजू रु.</th><th>यो वर्षको कायम बेरुजू रु.</th><th>बाँकी</th></tr>
<tr><td>१,०६,४८,०००।००</td><td>०</td><td>२,०७,४३,०००।००</td><td>३,१३,९१,०००।००</td></tr>
</table>
</td><td></td></tr>
</table>

अनुसूची : १

# उर्लाबारी नगरपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७४।७५

(रु.हजारमा)

| जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | | कुल जम्मा |
| | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा | |
| मोरङ | उर्लाबारी नगरपालिका | २३ | ७ | २०७४३ | ० | ० | ० | २३ | ७ | २०७४३ | ३३०८ | २१६६ | ८११४ | ० | ० | १३५८८ | ० | ७१५५ | ७१५५ | २०७४३ |

अनुसूची- २

# सञ्चित कोष विवरण

## २०७४।७५

(रु.हजारमा)

| स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| उर्लाबारी नगरपालिका | मोरङ | ३११८४ | २२७५४२ | २४०६८१ | ९६५७६ | ५६४७९९ | २९४२११ | २२७८६२ | १९२६९ | ५४१३४२ | ५४६४१ |